कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ३४ | वि.सं. २०८३ जेठ ३ आइतवार | नेपाल संवत: ११४५, ज्येष्ठ शुक्ल प्रतिपदा | Sunday 17 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ८ | मूल्य: ५ ।-



कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ३४ | वि.सं. २०८३ जेठ ३ आइतवार | नेपाल संवत्: ११४५, | ज्येष्ठ शुक्ल प्रतिपदा | Sunday 17 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-


## खाता करिडोरमा 'कृत्रिम गन्ध' प्रविधि परीक्षण, बाघ-चितुवासँगको द्वन्द घटाउने नयाँ प्रयास



**सरला सुवेदी**
**बर्दिया,२ जेठ ।**

भारतको कर्तनीयाघाट वनविहार र नेपालको बर्दिया राष्ट्रिय निकुञ्ज जोड्ने अन्तर्राष्ट्रिय जैविक मार्गका रूपमा परिचित खाता वन क्षेत्रमा पछिल्ला वर्षहरूमा बाघ तथा चितुवाको आक्रमण बढ्दो बन्दै गएको छ।

मानव बस्ती नजिकसम्म वन्यजन्तु पुग्ने क्रम तीव्र भएपछि स्थानीयवासी त्रसित बनेका छन्। यही चुनौतीलाई मध्यनजर गर्दै अहिले खाता क्षेत्रमा बाघ तथा चितुवालाई मानव बस्तीबाट टाढा राख्न "कृत्रिम गन्ध संकेत" प्रविधिको परीक्षण सुरु गरिएको छ।

डिभिजन वन कार्यालयको सहकार्य, खाता सामुदायिक वन समन्वय समितिको समन्वय तथा तराई भूपरिधि संरक्षण कार्यक्रमको सहयोगमा सुरु गरिएको यो प्रविधि नेपालमै पहिलोपटक खाता जैविक मार्ग क्षेत्रमा परीक्षण भइरहेको हो। अफ्रिकी मुलुकहरूमा सफल भइसकेको यो विधि नेपालमा पनि प्रभावकारी भए मानव-वन्यजन्तु द्वन्द न्यूनीकरणमा महत्वपूर्ण उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ।

खाता वन क्षेत्रलाई मानव-वन्यजन्तु द्वन्दका दृष्टिले अत्यन्त संवेदनशील मानिन्छ। बाघ, चितुवा, हात्ती लगायतका वन्यजन्तु पटक-पटक गाउँ बस्तीमा प्रवेश गर्ने र पशुचौपाया तथा मानवमाथि आक्रमण गर्ने घटनाले स्थानीयवासी वर्षौंदेखि त्रसित छन्। यस्ता घटनालाई कम गर्न गत वर्षदेखि नै नयाँ गन्ध प्रविधिको पाइलट परीक्षण सुरु गरिएको थियो भने यस वर्ष थप व्यवस्थित रूपमा परीक्षण विस्तार गरिएको छ।

खाता सामुदायिक वन समन्वय समितिका अध्यक्ष हरि गुरुङका अनुसार मानव र वन्यजन्तुबीच सहअस्तित्व कायम गर्न नयाँ प्रविधिको खोजी आवश्यक भएकाले गन्ध संकेत प्रविधिलाई प्राथमिकताका साथ अघि बढाइएको हो। उनका अनुसार खाता करिडोर जैविक विविधताको हिसाबले महत्वपूर्ण क्षेत्र भएकाले वन्यजन्तुको संरक्षणसँगै स्थानीयको सुरक्षालाई समेत ध्यान दिन जरुरी छ।

हाल जङ्गलभित्र ३० वटा विभिन्न स्थानमा कृत्रिम गन्ध संकेत जडान गरिएको छ। दुईवटा स्वचालित क्यामराको बीचमा पर्ने गरी जडान गरिएका संकेतहरूको प्रभाव क्यामेरामार्फत निरन्तर अनुगमन भइरहेको छ। बाघ तथा चितुवाले ती क्षेत्रमा देखाउने गतिविधि भिडियोमार्फत अध्ययन

बाँकी ३ पेजमा

### कांग्रेसमा बढ्दो किचलो

# एकताको नारामाथी विभाजनको छायाँ



**ओम शाही**
**सुर्खेत, २ जेठ ।**

शनिबार नेपाली कांग्रेसले सुर्खेतको वीरेन्द्रनगरमा 'नेपाली कांग्रेसको बृहत्तर एकता र भावी कार्यदिशा' विषयक विचार गोष्ठि आयोजना गर्‍यो। दुई दिन चल्ने गोष्ठिका प्रमुख वक्ता थिए, नेपाली कांग्रेसका निवर्तमान उपसभापति पूर्णबहादुर खड्का। खड्काको गृह जिल्लामा भएको यो कार्यक्रमलाई विशेष महत्वका साथ पनि हेरिएको छ।

गोष्ठीको पहिलो दिन खड्काले दिएको अभिव्यक्तिलाई लिएर कांग्रेसभित्र नयाँ तरंग पैदा भएको छ। विशेषगरी पार्टी सभापति गगन थापाप्रति उनले सार्वजनिक रूपमा व्यक्त गरेको असन्तुष्टिले कांग्रेस अब वैचारिक मतभेदभन्दा पनि विभाजनको मनोविज्ञानतर्फ उन्मुख भएको संकेत गरेको छ। यो कार्यक्रमलाई सामान्य विचार गोष्ठीका रूपमा मात्रै हेरिएको छैन।

किनकि, केही दिनअघि २८ र २९ वैशाखमा कांग्रेसले यही प्रकृतिको अर्को कार्यक्रम सुर्खेतमै आयोजना गरेको थियो, जसको नेतृत्व सभापति थापाले गरेका थिए। प्रदेश, जिल्ला तथा कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिलाई सहभागी गराएर गरिएको उक्त भेलाले २१ बुँदे संकल्पपत्र जारी गरेको थियो। त्यसक्रममा थापाले कर्णालीको समृद्धिको खाका प्रस्तुत गर्नुका साथै पार्टीलाई एक ढिक्का बनाएर अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए।

भेलाको २१औं बुँदामा 'जरा अभियान' अन्तर्गत चलिरहेको क्रियाशील सदस्यता अद्यावधिक अभियानलाई प्रभावकारी बनाउने, डिजिटल अभिलेखमार्फत सदस्यको योगदानलाई संस्थागत गर्ने तथा आम सदस्यलाई प्रत्यक्ष पार्टी अभियानसँग जोड्ने संकल्प गरिएको थियो। त्यसबेला कांग्रेसभित्र नयाँ नेतृत्व र पुरानो संस्थापनबीच सहकार्यको संकेत देखिएको थियो। तर, केही दिनमै सुर्खेतबाट खड्काले दिएको अभिव्यक्तिले त्यो सहमतिको वातावरण टिकाउ नभएको स्पष्ट पारेको छ।

कांग्रेसभित्रको विवादको जरो भने २३-२४ भदौमा भएको जेन-जी आन्दोलनपछि गहिरिएको मानिन्छ। आन्दोलनपछि नेतृत्व हस्तान्तरणको विषय पेचिलो बन्दै जाँदा तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पार्टी रुपान्तरणको एजेन्डा अघि सारेका थिए।

आन्दोलनका क्रममा घाइते भएपछि तत्कालीन सभापति शेरबहादुर देउवाले पार्टी सञ्चालनको जिम्मेवारी खड्कालाई दिएका थिए। तर, विशेष परिस्थितिमा नेतृत्व सम्हालेका खड्काले तत्कालीन महामन्त्रीहरूसँग पर्याप्त समन्वय गर्न नसकेको आरोप लाग्दै आयो।

त्यसपछि थापा-शर्मा समूहले विशेष महाधिवेशनको बाटो रोज्दै नेतृत्व परिवर्तनको अभियान अघि बढायो। उक्त महाधिवेशनमार्फत थापा सभापतिमा निर्वाचित भए। तर, संस्थापन पक्षले विशेष महाधिवेशनलाई वैधानिक मान्न अस्वीकार गर्दै निर्वाचन आयोगदेखि सर्वोच्च अदालतसम्म पुगेको थियो। अन्ततः आयोग र अदालत दुवैले थापा नेतृत्वलाई वैधानिकता दिएपछि पार्टीभित्रको विवाद समाधान हुने अपेक्षा गरिएको थियो।

तर, पछिल्ला गतिविधिले कांग्रेसभित्रको द्वन्द्व झन् चर्किएको देखिन्छ। सुर्खेतको गोष्ठीमा खड्काले खुला रूपमा थापालाई सिंगो कांग्रेसको सभापति बन्न नसकेको टिप्पणी गरे। उनले आफूलाई भेट्न आएका थापालाई सानेपाको मात्रै सभापति नभई सम्पूर्ण कांग्रेसको नेता बन्न सुझाव दिएको बताए।

खड्काले पार्टी अहिले विभाजनको डिलमा पुगेको स्वीकार गर्दै त्यसलाई जोगाउने वा फुटाउने जिम्मा थापाकै काँधमा रहेको संकेत गरे। 'पार्टी विभाजनको डिलमा छ, म त्यो बाटोमा जान हुन्न भन्छु। तर, पार्टी मिलाउने कि फुटाउने तपाईंहरूको जिम्मामा छ,' उनले भने। उनले विगतको उदाहरण दिँदै तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाका कारण कांग्रेस फुटेको र फेरि उनकै पहलमा एकता भएको स्मरण गरे।

अहिले पनि पार्टीलाई जोगाउने वा विघटनतर्फ लैजाने जिम्मेवारी वर्तमान सभापति थापाकै हातमा रहेको उनको भनाइ थियो। खड्काको अभिव्यक्तिलाई कांग्रेसभित्र शक्ति सन्तुलनको नयाँ संकेतका रूपमा हेरिएको छ। विशेष गरी अदालतबाट वैधानिकता पाएपछि पनि थापा नेतृत्वले संस्थापन पक्षलाई पूर्ण रूपमा विश्वासमा लिन नसकेको आरोप बढिरहेको

बाँकी ३ पेजमा

### के कांग्रेस फेरि मिल्न सक्छ ?

राजनीतिक रूपमा कांग्रेस मिलनको सम्भावना पूर्ण रूपमा समाप्त भने भएको छैन। किनकि कांग्रेसको इतिहासमा विभाजन र पुनर्मिलन दुवैका उदाहरण छन्। तर, अहिलेको समस्या वैचारिकभन्दा पनि अहमता र नेतृत्व नियन्त्रणसँग जोडिएको देखिन्छ। गगन पक्ष पुरानो संरचना तोड्न चाहन्छ भने संस्थापन पक्ष आफूलाई समाप्त पार्ने प्रयास भइरहेको ठानिरहेको छ। यस्तो अवस्थामा दुवैले एकअर्काको कुरा खाने अवस्था नबनेसम्म वास्तविक एकता कठिन देखिन्छ। त्यसैले अहिलेको कांग्रेसलाई हेर्दा बाहिरबाट एकताको सन्देश देखिए पनि भित्र गहिरो अविश्वास, प्रतिस्पर्धा र असुरक्षाले काम गरिरहेको राजनीतिक विश्लेषक ढकालको ठम्याइ छ। यही अवस्था लम्बिँदै गए कांग्रेसभित्र औपचारिक विभाजन नभए पनि व्यवहारिक रूपमा दुई धारको राजनीति अझ बलियो हुँदै जाने सम्भावना देख्छन् ढकाल।




## सम्पादकीय....

# सरकार अझै किन मौन ?

देशको विकास निर्माणको मेरुदण्ड मानिएको निर्माण क्षेत्र यतिबेला गम्भीर संकटमा पुगेको छ। मुलुकको झण्डै ८० प्रतिशत विकास बजेट कार्यान्वयनमा प्रत्यक्ष भूमिका खेल्दै आएको निजी निर्माण क्षेत्र अहिले चरम आर्थिक दबाबमा छ। इन्धन, बिटुमिन, ढुवानी तथा निर्माण सामाग्रीमा भएको अप्रत्याशित मूल्यवृद्धिका कारण निर्माण व्यवसायीहरू सडक संघर्षमा उत्रिन बाध्य भएका छन्। यो केवल व्यवसायीहरूको समस्या मात्र होइन, समग्र राष्ट्रिय अर्थतन्त्र, रोजगारी, विकास निर्माण र राज्यको वित्तीय व्यवस्थापनसँग प्रत्यक्ष जोडिएको विषय हो। तर विडम्बना, यति गम्भीर संकटकाबीच पनि सरकारको भूमिका अझै उदासीन र अस्पष्ट देखिन्छ। मध्यपूर्वमा चर्किएको युद्धका कारण विश्वव्यापी रूपमा इन्धन आपूर्तिमा संकट उत्पन्न भएको छ। त्यसको प्रत्यक्ष असर नेपालमा पनि परेको छ। डिजेलको मूल्य केही महिनामै प्रतिलिटर एक सय ३९ रुपैयाँबाट दुई सय २५ रुपैयाँ पुगेको छ भने बिटुमिनको मूल्य प्रतिकिलोग्राम ७५ रुपैयाँबाट बढेर एक सय ५५ रुपैयाँ पुगेको निर्माण व्यवसायीहरूको भनाई छ। यति ठूलो मूल्यवृद्धि हुँदा पुरानै दररेट र इस्टिमेटमा निर्माण कार्य सम्पन्न गर्न असम्भवजस्तै बन्नु स्वाभाविक हो।

निर्माण उद्योग केवल सडक, पुल वा भवन बनाउने क्षेत्र मात्र होइन। यसले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा २० लाखभन्दा बढी मानिसलाई रोजगारी दिएको छ। कुल ग्राहस्थ उत्पादनमा १३ प्रतिशतसम्म योगदान गर्ने क्षेत्र धराशायी हुँदा त्यसको असर बैंकिङ क्षेत्रदेखि श्रमिकको चुल्होसम्म पर्छ। निर्माण उद्योग ठप्प हुँदा सप्लाई चेन अवरुद्ध हुन्छ, साना व्यवसाय बन्द हुन्छन्, रोजगारी गुम्छ र अन्ततः मुलुकको आर्थिक गतिविधि नै सुस्त बन्छ। अहिले देखिएको संकट त्यसै दिशातर्फ संकेत गरिरहेको छ। निर्माण व्यवसायीहरूको माग अस्वाभाविक छैन। उनीहरूले मूल्यवृद्धिको अनुपातमा मूल्य समायोजनको व्यवस्था गरिदिन सरकारसँग माग गरेका छन्। छिमेकी भारतले समेत इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिअनुसार मूल्य समायोजन दिइरहेको अवस्थामा नेपालमा भने व्यवसायीहरूलाई पुरानै दररेटमा काम गर्न बाध्य पारिनु अन्यायपूर्ण देखिन्छ। सरकारले समयमै निर्णय नगर्दा व्यवसायीहरू घाटामा गएर आर्थिक रूपमा धराशायी हुने अवस्था सिर्जना भएको छ। झन् चिन्ताजनक कुरा त के छ भने सरकारका विकासे मन्त्रालयका उच्च अधिकारीहरूबाट समेत ठोस निर्णय आउन सकेको छैन। समस्या समाधानतर्फ पहल गर्नुको सट्टा निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने, बैंक ग्यारेण्टी जफत गर्ने जस्ता दबाबमूलक उपाय अपनाउने संकेत देखिनु झन् गैरजिम्मेवार कदम हुनेछ।

संकटको समयमा निजी क्षेत्रलाई दण्डित गरेर विकास निर्माणलाई अघि बढाउन सकिँदैन। सरकारले बुझ्नुपर्छ–निर्माण व्यवसायीहरू काम गर्न नचाहेर आन्दोलनमा उत्रिएका होइनन्, काम गर्न नसक्ने अवस्थामा पुगेपछि सडकमा आउन बाध्य भएका हुन्। यदि यही अवस्था लम्बियो भने चालु आयोजनाहरू रोकिने मात्रै होइन, नयाँ परियोजनाहरू समेत प्रभावित हुनेछन्। त्यसको प्रत्यक्ष असर विकास बजेट खर्च, आर्थिक वृद्धिदर र रोजगारीमा पर्नेछ। अहिले आवश्यक छ, सरकारको तत्काल हस्तक्षेप। मूल्य समायोजनको नीतिगत निर्णय, आयोजनाको म्याद थप, बैंक ग्यारेण्टी तथा बीमा व्यवस्थापनमा सहजीकरण र निर्माण सामग्रीको मूल्य नियन्त्रणमा प्रभावकारी कदम चाल्न ढिलाइ गर्नु हुँदैन। अन्यथा विकास निर्माण ठप्प हुनुका साथै त्यसबाट उत्पन्न हुने आर्थिक तथा सामाजिक संकटको सम्पूर्ण जिम्मेवारी सरकारले नै वहन गर्नुपर्नेछ।

# कर्णालीमा कमजोर महिला अधिकार



कल्पना नेपाल आचार्य



महिलालाई विकासको आधारस्तम्भ र समाजको 'निर्माता' मानिन्छ। उनीहरू परिवार-समाजका सांस्कृतिक मूल्य र मान्यतालाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्ने मुख्य संवाहक हुन। ऐतिहासिक रूपमा पितृसत्तात्मक मूल्य, मान्यता र संस्कारका कारण विभेदको सामाना गरी महिलाका पाइला हाल 'सशक्तिकरण' र 'नेतृत्व' तर्फ अघि बढिरहेको छ।

जनगणना २०७८ अनुसार, नेपालको कुल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार ५ सय ७८ छ। कुल जनसंख्याको ५१.१ प्रतिशत महिलाको जनसंख्या छ। विश्वमा झण्डै कूल जनसंख्याको ५० प्रतिशत महिलाको जनसंख्या छ। श्रम र अर्थतन्त्रको क्षेत्रमा अधिकांश महिला 'पुनरुत्पादनमूलक श्रम' जस्तै घरधन्दा, स्याहारसुसार र सन्तानको लालनपालनमा बढी सक्रिय हुन्छन्।

महिला पुनस्थापना केन्द्रको आ.व.२०८०/८१ को प्रतिवेदनअनुसार, देशभर कुल १ हजार ३ सय ९३ वटा हिंसाका घटना अभिलेख गरिएको छ। सबैभन्दा धेरै घरेलु हिंसा ९ सय ११ वटा उजूरी दर्ता भएको देखिएको छ भने जबरजस्ती करणीका १ सय ८५ वटा घटना दर्ता भएका छन्। कोशी प्रदेशमा सबैभन्दा धेरै घटना देखिएका छन।

पछिल्लो एक वर्षमा नेपाल प्रहरीमा दर्ता भएका लैङ्गिक हिंसाका उजुरीमध्ये करिब ८० प्रतिशतभन्दा बढी घरेलु हिंसाका घटना दर्ता भएका छन्। कुटपिट गर्ने, मानसिक यातना दिने, खाना-लाउन नदिने र दाइजोका कारण सास्ती-यातना दिनुका साथै जिउदै जलाउने, बोक्सीको आरोप लगाई मलमुत्र समेत खुवाउने, कालोमोसो दल्ने जस्ता आपराधिक घटना मुख्य छन्। धेरैजसो घटनामा पीडक आफ्नै श्रीमान्, सासू-ससुरा वा नजिकका नातेदार, परिवारका सदस्य र छिमेकी हुने गरेको पाइएको छ।

२०८२ कार्तिकमा जुम्लाको सिजा गा.पा की एक १४ बर्षिय बालिकाले हजुरबुवाको जबरजस्ती करणीबाट एक बालकलाई जन्म दिइन। घटना बाहिर आएपछि हजुर बुवाले आत्महत्या गरे। बालिका सुरक्षित आवासगृहमा रही भर्खरै एसईइ परीक्षा दिइन।

> "धेरैजसो घटनामा पीडक आफ्नै श्रीमान्, सासू-ससुरा वा नजिकका नातेदार, परिवारका सदस्य र छिमेकी हुने गरेको पाइएको छ।

जुम्ला सदरमुकामको एक होटेलमा एक किशोरीलाई काम लगाउँने क्रममा देह व्यापार गर्न बाध्य बनाईयो। एक दिन अचानक ग्राहकलाई सन्तुष्टी नदिएको भनी कुटपिट गरी रगताम्य उनलाई सडकमा फालियो। एक महिला अधिकारकर्मीले निजको उद्धार गरी उपचार पश्चात पुनस्थापना केन्द्रमा राखिएको छ। हाल उनी एच आई भी संक्रिमत छिन, साथै सिपमूलक तालिम लिईरहेकी छन।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाका अनुसार, आ.ब. २०८२-२०८३ चैत्रसम्म जुम्लामा लैगिक हिंसा पीडित ४ जना पुरुष र ६० जना महिला छन्। श्रम सहभागिताको अवस्था हेर्दा कर्णालीमा श्रमशक्तिमा महिलाको सहभागिता दर करिब ६८ प्रतिशत छ। यसलाई सकारात्मक मानिन्छ। तर, धेरैजसो महिला अनौपचारिक र कम पारिश्रमिक हुने क्षेत्रमा कार्यरत छन्। सम्पत्तिमा पहुाचको अवस्था विश्लेषण गर्दा पछिल्लो जनगणनाको नतिजाले महिलाका नाममा सम्पत्ति हुने क्रम बढ्दो रहेको देखाउँछ।

नेपालका करिब २३.८ प्रतिशत परिवारमा महिलाको नाममा घर वा जग्गा वा दुवै रहेको स्वामित्वमा वृद्धि पाइएको छ। २०६८ को तुलनामा यो १.१ प्रतिशतको सामान्य वृद्धि हो। करिब ११.८ प्रतिशत परिवारमा महिलाको नाममा घर र जग्गा दुवै रहेको देखिएको छ। मानव अधिकारवादी संस्थाहरूको पछिल्लो प्रतिवेदन

(२०२५/२०२६)अनुसार अझै कर्णालीका ९० प्रतिशतभन्दा बढी महिलाको आफ्नै नाममा घर वा जग्गा छैन। यद्यपि, पछिल्लो समय शहरी क्षेत्रहरुमा जग्गा पास गर्दा महिलाको नाममा गर्ने क्रममा केही सुधार देखिएको छ। स्वास्थ्य र शिक्षाको क्षेत्रमा ४० प्रतिशतभन्दा बढी महिला अझै औपचारिक शिक्षाबाट वञ्चित छन्। दुर्गम जिल्लाहरूमा प्रजनन स्वास्थ्य र पोषणको अवस्था अझै कमजोर छ।

केन्द्रिय तथ्यांक कार्यालयका अनुसार, संसदमा महिलाको हिस्सा करिब ३४ प्रतिशत रहेको छ। स्थानीय सरकारमा स्थानीय तहको निर्वाचनमा प्रमुख वा उपप्रमुखमध्ये एक महिला हुनुपर्ने प्रावधानले ४१ प्रतिशत भन्दा बढी महिला स्थानीय नेतृत्वमा पुगेका छन्। नेपालले इतिहासमै पहिलो पटक उच्च ओहोदामा महिला राष्ट्रपति, महिला सभामुख र महिला प्रधानन्यायाधीश प्राप्त गरिसकेको छ। सन् २०२५ को अन्त्यतिर सुशीला कार्कीको अन्तरिम नेतृत्व जस्ता घटनाले महिला नेतृत्वको सक्षमता पुष्टि गरेको देखिन्छ। हालको मन्त्रीमण्डलमा करिव ३७ प्रतिशत महिला को सहभागिता देखिन्छ।

नेतृत्वतह हेर्दा स्थानीय तह र प्रदेशसभामा महिलाको उपस्थिति संवैधानिक प्रावधान अनुसार उत्साहजनक छ। कर्णालीबाटै पहिलो पटक महिला निजामती सचिव (लक्ष्मीकुमारी बस्नेत) हुनुले प्रशासनिक क्षेत्रमा पनि महिलाको नेतृत्व बढ्दै गएको संकेत गर्छ। नीतिगत सुधारका लागि कर्णाली प्रदेश सरकारले 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति' र विभिन्न सचेतनामूलक कार्यक्रम (जस्तैः स्याहार अर्थतन्त्र सम्बन्धी कार्यक्रम) सञ्चालन गरिरहेको छ। शिक्षा र स्वास्थ्यको क्षेत्रमाथि विश्लेषण गर्दा राष्ट्रिय जनगणना २०२१ अनुसार, महिला साक्षरता दर ६९.४ प्रतिशत रहेको छ। अघिल्लो दशकको तुलनामा महिला साक्षरतामा निकै ठूलो सुधार भएको मानिन्छ। स्वास्थ्य सेवामा पहुाच र सचेतनाका कारण मातृ मृत्युदरमा उल्लेख्य कमी आएको छ।

भौगोलिक विकटताका कारण दुर्गम क्षेत्र तथा कर्णालीका महिलालाई कानुनी उपचार र न्यायको पहुँचमा कठिनाइ छ। हानिकारक सामाजिक परम्परा र प्रथा, सामाजिक कुरीतिहरु, छाउपडी, बालविवाह, स्वास्थ्य सेवामा पहुँचको अभाव, पोषणको कमी, श्रमको भार महिलामा, सम्पत्तिमा स्वामित्वको अभाव महिला पछाडि पर्नुको खास कारण हो।

राष्ट्रिय औसतको तुलनामा कर्णालीका महिलाको साक्षरता दर निकै कम छ। विद्यालय भर्ना भए पनि बीचैमा पढाइ छोड्ने दर उच्च रहनु अर्को मुख्य चुनौती हो। हक-अधिकार र उपलब्ध सरकारी सेवा सुविधाबारे जानकारी नहुादा कर्णालीका धेरै महिला अवसरबाट वञ्चित छन्। हिंसा र न्यायमा पहुाच नहुनु र घरायसी हिंसा त्यत्तिकै चुनौतीपूर्ण छ। राजनीतिक र प्रशासनिक क्षेत्रमा आरक्षणको व्यवस्थाले सहभागिता बढाए पनि नीति निर्माण र निर्णायक तहमा महिलाको अर्थपूर्ण उपस्थिति अझै चुनौतीपूर्ण छ। मदिरा सेवन र अशिक्षाका कारण हुने घरेलु हिंसा यहााको प्रमुख समस्या हो। भौगोलिक दूरी र प्रक्रियागत झन्झटले हिंसामा परेका महिला सजिलै प्रहरी वा अदालतसम्म पुग्न सक्दैनन्। स्थानीय स्तरमा हुने मेलमिलापले धेरैजसो घटना ओझेलमा पर्ने गरेका छन्।

*(कान्तिपुर)*

## विश्व

# भारतको सर्वोच्च अदालतले सोमबार र शुक्रबार भिडियो कन्फरेन्समार्फत् सुनुवाइ गर्ने

**काठमाडौँ, २ जेठ ।**

भारतको सर्वोच्च न्यायिक निकाय सर्वोच्च अदालतले पद्धतिमा आमूल परिवर्तन गर्दै आधुनिक र वातावरणमैत्री प्रणाली लागू गर्ने निर्णय गरेको छ। अदालतले मुद्दाको सुनुवाइ सोमबार र शुक्रबार भिडियो कन्फरेन्समार्फत मात्र गर्ने निर्णय गरेको छ।

सर्वोच्च अदालतद्वारा जारी निर्देशनअनुसार अब सोमबार र शुक्रबार तथा अन्य निर्धारित दिनहरूमा भिडियो कन्फरेन्समार्फत मात्र सुनुवाइ हुनेछ। यस निर्णयको एक भागको रूपमा, अदालतले कुनै पनि पक्षलाई समस्या नहोस् भन्नका लागि दर्ता शाखालाई सुनुवाईको लागि भिडियो लिङ्कहरू समयमै पठाउन र प्राविधिक सहयोग सहज रूपमा उपलब्ध गराउने सुनिश्चितताका लागि पनि निर्देशन दिएको छ।

कोभिड-१९ महामारीपछि सुरु भएको डिजिटल सुनुवाइलाई अब स्थायी र व्यवस्थित ढाँचामा समावेश गरिएको अदालत प्रशासनले जनाएको छ। इन्धन खपत कम गर्न सकियोस् र स्रोतहरूको राम्रो उपयोग गर्न सकियोस् भनी सर्वोच्च अदालतका सबै न्यायाधीशहरूले सर्वसम्मतिले 'कार-पुलिङ' व्यवस्थालाई आपसमा बढावा दिने निर्णय गरेका छन्। वर्तमान विश्व परिस्थिति र ऊर्जा संरक्षणको आवश्यकतालाई मध्यनजर गर्दै यो कदम चालिएको हो। यसको उद्देश्य वातावरणमा पर्ने दबाब कम गर्नु पनि हो।

सर्वोच्च अदालतको दर्तामा आबद्ध कर्मचारीका लागि पनि नयाँ प्रणाली लागू गरिएको छ। आदेशअनुसार प्रत्येक शाखा र शाखामा रहेका ५० प्रतिशत कर्मचारीले हप्ताको दुई दिन घरबाटै काम गर्न पाउनेछन् तर काम बिना कुनै अवरोध जारी राख्न सकियोस् भनी बाँकी कर्मचारीहरु कार्यालयमै उपस्थित हुने स्पष्ट पारिएको छ। कर्मचारीहरुलाई घरबाट सेवा (वर्क फ्रम होम) का दिन आफ्नो कार्यालय समयमा फोनमार्फत् उपलब्ध हुने सुनिश्चितता मिलाउन र आवश्यक परे तुरुन्त कार्यालय आउन तयार रहन निर्देशन दिइएको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले केही दिनअघि इन्धनको खपत घटाउन अपिल गर्नुभएको थियो। यही क्रममा प्रधानमन्त्री आफैंसहित धेरै मन्त्रीले आफ्नो कार्यालय र सवारी समूहको आकार घटाएका थिए। यसबाहेक भारतका दिल्लीलगायतका कैयौं राज्यले पनि अनुकुलताअनुसार 'वर्क फ्रम होम'को आदेश दिएका थिए।

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले हप्तामा दुई दिन घरबाटै काम गर्ने प्रणाली लागू गर्न आदेश दिनुभएको छ। आदेशमा निजी कम्पनीलाई पनि त्यसो गर्न निर्देशन दिने उल्लेख छ। दिल्लीको राज्य सरकारले अब ५० प्रतिशत बैठक अनलाइनबाट गरी इन्धनको बचत गर्न निर्देशन दिएको छ। श्रम विभाग र अन्य विभागले २० प्रतिशत कम इन्धन पाउनेछन्। सरकारका मन्त्रीहरू, विधायकहरू महानगर र दिल्ली ट्रान्सपोर्ट कर्पोरेसनद्वारा सञ्चालित हुने गाडीमा सवार गर्नेछन्।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

| | |
|---|---|
| मेष | विशेष भेटघाटले काममा उत्साह बढाउला। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। कीर्तिमानी काम गर्ने समय छ। |
| वृष | समयमा होसियार बन्न नसक्दा खर्च बढ्ने देखिन्छ। श्रमअनुसार फाइदा कमै होला। ठूलो प्रयत्न गर्दा पनि उपलब्धि उठाउन मुस्किल पर्नेछ। |
| मिथुन | अवसर पाइनेछ र मिहिनेतले लक्ष्यमा पुर्याउनेछ। दिगो फाइदा हुने काम हातलागी हुनेछ। श्रमको उचित मूल्यांकन होला। पढाइमा प्रगति हुनेछ। |
| कर्कट | मिहिनेतको फल प्राप्त हुनाले काममा उत्साह जाग्नेछ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। दाम र प्रतिष्ठा कमाउने बेला छ। |
| सिंह | जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। शरीरमा कमजोरी अनुभूति हुनेछ। लगनशील बन्दाबन्दै पनि काममा पछि परिनेछ। |
| कन्या | जिम्मेवारीले व्यस्त बनाउनेछ तर शरीरमा कमजोरी अनुभूति हुनेछ। अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने हुन सक्छ। |
| तुला | साथीभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुनेछ। रमाइलो यात्रा, जमघट एवं खानपानको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। |
| वृश्चिक | चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ। |
| धनु | परिस्थिति सोचेजस्तो नहुनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ। अवसर प्राप्त भए पनि मेसो नमिल्नाले काममा ढिलासुस्ती हुनेछ। |
| मकर | अरूको फाइदाका लागि उपयोग भइनेछ भने परिस्थिति आफ्ना लागि अलि प्रतिकूल बन्न सक्छ। छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। |
| कुम्भ | पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु परास्त हुनेछन्। |
| मीन | परिस्थितिवश आफ्नै वचनबद्धता पालना गर्न नसकिएला। बोली-व्यवहारको कठोर शैलीले समस्या निम्त्याउन सक्छ। |

# गोठमै भविष्य देखेका धनलाल



◣ गोल्डेन बुढा
जुम्ला, २ जेठ ।

जुम्लाको चन्दननाथ नगरपालिका-४ मालाभिडमा बिहान अझै अँध्यारो हुन्छ, तर धनलाल बुढाको गोठमा दिन सुरु भइसकेको हुन्छ।घडीले चार बज्न नपाउँदै उनी उठिसक्छन् । गोठको ढोका खुल्छ ।

चिसो हावा भित्र पस्छ। गाईभैंसी कराउन थाल्छन् । स्टिलका बाल्टिनमा दूधका धार खस्न थाल्छन् । त्यही आवाजभित्र धनलालको जीवन छ । त्यही दूधको गन्धभित्र उनको सपना छ । २९ वर्षीय धनलाल कुनै समय पोखरामा बसेर हस्पिटालिटी म्यानेजमेन्ट पढिरहेका युवक थिए । डिग्री सकेपछि उनको बाटो होटल, पर्यटन वा विदेशतिर मोडिन सक्थ्यो ।

साथीहरू त्यतैतिर गइरहेका थिए। परिवार र चिनेजानेकाले पनि "जागिर खा", "विदेश जा", "भविष्य बनाऊ" भनेर सम्झाइरहेका थिए।तर उनी फर्किए, जुम्ला, फर्किएर गाईको गोठ समाते । "मलाई जागिरभन्दा आफ्नै काम प्यारो लाग्यो," उनी भन्छन्, "विदेश गएर अरूको सपना पूरा गर्नु भन्दा गाउँमै बसेर आफ्नो सपना बनाउने इच्छा थियो ।" त्यो निर्णय सजिलो थिएन ।

किनकि त्यो समय गाउँमा गाईपालनलाई धेरैले गरिबीको काम ठान्थे । पढेलेखेको

"
गड्यौला मल प्रतिकेजी २५ देखि ३० रुपैयाँमा बिक्री हुन्छ । गोठेमल ट्रकको ५ हजार ५ सय रुपैयाँ र बोरा १ सय ५० रुपैयाँमा बिक्री हुन्छ ।

मान्छे गोठमा बस्नु 'असफलता' जस्तो बमानिन्थ्यो।तर,धनलालले त्यही गोठभित्र सम्भावना देखे । उनका बुबाले २०६९ सालमा सुरु गरेको 'हिमाली दुग्ध उत्पादन तथा प्रशोधन उद्योग'लाई उनले व्यवसायिक आकार दिन थाले । सुरुमा चार वटा जर्सी गाई मात्रै थिए । बुटवलबाट प्रतिगाई १ लाख १० हजार रुपैयाँ तिरेर ल्याइएका ती गाई नै अहिलेको सफलताको जग बने ।

आज उनको गोठमा जर्सी, साहीवाल र होलिस्टिन जातका गाईभैंसी छन् । चार वटा दुहुनो भैंसी र छ वटा दुहुनो गाईबाट दैनिक १ सय २० लिटर दूध निस्किन्छ । तर त्यो १ सय २० लिटर दूध  दूध होइन्, त्यो श्रम हो, अनुशासन हो, धैर्य हो, अनि गाउँमै केही गर्न सकिन्छ भन्ने बलियो प्रमाण हो । बिहान पाँच बजेदेखि सात बजेसम्म र बेलुका छ बजेदेखि आठ बजेसम्म उनी दूध वितरणमै व्यस्त हुन्छन् । बाइकमा दूधका क्यान बाँधेर घरघर पुग्छन् ।

जुम्लाको खलंगामा उनका झन्डै १ सय ५० नियमित ग्राहक छन्।"९० प्रतिशत दूध म आफैं घरमा पुऱ्याउँछु," उनी भन्छन्, "बाँकी डेरीले लैजान्छ ।" दैनिक करिब १० हजार रुपैयाँको दूध बिक्री हुन्छ । महिनाको ३ लाख ६ सय रुपैयाँभन्दा बढी आम्दानी हुन्छ, भने वार्षिक ३६ लाख रुपैयाँभन्दा धेरै कारोबार भइरहेको छ, तर धनलालको गोठमा कुनै समय फालिने गोबर अहिले सुनजस्तै बिक्न थालेको छ ।

उनको गोठबाट निस्किने गोबर मल अहिले जुम्लाका किसानको रोजाइ बनेको छ । गड्यौला मल प्रतिकेजी २५ देखि ३० रुपैयाँमा बिक्री हुन्छ । गोठेमल ट्रकको ५ हजार ५ सय रुपैयाँ र बोरा १ सय ५० रुपैयाँमा बिक्री हुन्छ । बार्षिक ५ लाखदेखि साढे ६ लाख रुपैयाँसम्म गोबरबाट मात्रै आम्दानी हुन्छ । "पहिले गोबर फालिन्थ्यो," उनी मुस्कुराउँदै भन्छन्, "अहिले किसान मल खोज्दै गोठमै आउँछन् ।" जुम्लाको चन्दननाथ नगरपालिका-१ देखि १० वडासम्मका किसान उनका ग्राहक छन् ।

स्याउ किसान, अर्गानिक तरकारी उत्पादक, धान-मकै खेती गर्ने कृषक सबैले उनको गोठेमल प्रयोग गर्छन् । घरघरमा चौपाया पाल्ने चलन घट्दै जाँदा जैविक मलको माग बढेको उनी बताउँछन् । अहिले खेतबारी मात्रै होइन, करेसाबारीका लागि पनि मल किन्नेको संख्या बढेको छ । उनको दिन गोठबाट सुरु हुन्छ र गोठमै सकिन्छ । करिब २५ रोपनी बढी जग्गा भाडामा लिएर घाँसखेती गरेका छन् । त्यतिले नपुगेर स्थानीय घाँस व्यवस्थापन गर्नुपर्छ ।

भदौदेखि कार्तिकसम्म २०-२५ जना कामदार घाँस काट्न राखिन्छन् । प्रतिदिन १ हजार रुपैयाँ ज्याला दिनुपर्छ । नेपालगन्जबाट दाना ल्याउनुपर्छ । ढुवानी महँगो छ । चिसो मौसममा दूध घट्छ। मंसिरदेखि माघसम्म आम्दानी घट्छ।तर उनी थाकेका छैनन् । "गाईपालनले मलाई पैसा मात्रै दिएको छैन," उनी भन्छन्, "मान्छेको सम्मान पनि दिएको छ ।" यही व्यवसायबाट उनले सदरमुकाम खलंगामा घर बनाएका छन् । एक समय "गाई पालेर के हुन्छ ?" भन्नेहरूले अहिले उनलाई उदाहरणका रूपमा लिन थालेका छन् ।

यता पशु अस्पताल तथा पशु सेवा कार्यालय जुम्लाका अनुसार कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७६/०७७ देखि दुग्ध प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दै आएको छ । दूध बिक्री गर्ने कृषकलाई प्रतिलिटर १० रुपैयाँ प्रोत्साहन भत्ता दिने व्यवस्था छ । सहकारीलाई ७० प्रतिशत र उद्यमी कृषकलाई ५० प्रतिशतसम्म अनुदान दिने कार्यक्रम पनि सञ्चालनमा छ । तर धनलाल भने सरकारी अनुदानभन्दा श्रमलाई ठूलो पूँजी मान्छन् ।

किनकि उनले बुझिसकेका छन्,गोठमा पसिना बगाउन सक्ने मान्छेलाई गाउँले कहिल्यै भोकै राख्दैन । आज जब धेरै युवाले गाउँ छाडेर भविष्य खोजिरहेका छन्, धनलाल भने गाउँमै बसेर भविष्य उत्पादन गरिरहेका छन् । उनको गोठबाट निस्किने दूधले चिया सेताम्मे बनाएको छैन, जुम्लाका युवाको सोचसमेत बदल्न थालेको छ ।

# तातापानी गोल्ड कप फुटबल प्रतियोगिता हुँदै



◣ युग संवाददाता
सुर्खेत, २ जेठ ।

वीरेन्द्रनगर ३ स्थित तातापानी युवा क्लबको आयोजनामा आगामी २०८२ जेठ ३ गतेदेखि सञ्चालन हुन लागेको "प्रथम तातापानी गोल्ड कप फुटबल प्रतियोगिता" को उद्‌घाटन खेल आइतबार दिउँसो ३ बजे हुने भएको छ ।

प्रतियोगिताको उद्धाटन कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले गर्ने कार्यक्रम तय गरिएको आयोजकले जनाएको छ । स्थानीय युवाहरूलाई रचनात्मक तथा खेलकुद गतिविधिमा सक्रिय बनाउने उद्देश्यसहित आयोजना गरिएको प्रतियोगितामा हालसम्म १९ वटा टिम दर्ता भएका छन् ।

प्रतियोगिता नकआउट आधारमा सञ्चालन गरिने क्लबका अध्यक्ष उत्सव शाहीले बताए । उनका अनुसार प्रतियोगितामा कालिकोट, दैलेख, सुर्खेत लगायत विभिन्न जिल्लाबाट टिमहरू सहभागी हुन आएका छन् । प्रतियोगिताले स्थानीय खेलाडीहरूको प्रतिभा उजागर गर्नुका साथै खेलकुदप्रति युवाहरूको आकर्षण बढाउने विश्वास लिइएको उनले बताए ।

प्रतियोगिताको प्रथम पुरस्कार राशी १ लाख ११ हजार १११ रुपैयाँ रहेको छ । साथै प्रतियोगितामार्फत खेलाडीबीच भाइचारा, अनुशासन र स्वस्थ प्रतिस्पर्धाको भावना विकास हुने अपेक्षा गरिएको आयोजकले जनाएको छ । तातापानी युवा क्लबले प्रतियोगितालाई भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्न विभिन्न संघसंस्था, व्यवसायी तथा खेलप्रेमीहरूलाई सहयोगका लागि आग्रह समेत गरेको छ ।

# बाख्रा चराउन गएकी महिलालाई कुटपिट गरी सुन लुटपाट

◣ युग संवाददाता
बाँके, २ जेठ ।

बाँकेको राप्तीसोनारी गाउँपालिका-३ स्थित जङ्गलमा बाख्रा चराउन गएका पाँच महिलालाई अज्ञात समूहले निर्घात कुटपिट गरी सुनका गरगहना लुटपाट गरेको छ ।

अज्ञात समुहले शुक्रबार राप्तीसोनारी-३ बैशा र नवलपुर गाउँका ५५ वर्षीया बिसमति थारु, सोही ठाउँकी ५५ वर्षीया श्यामकुमारी थारु, ६५ वर्षीया मङ्गरी थारु, ५५ वर्षीया रामकलिया थारु र ४५ वर्षीया गौरी थारुमाथि आक्रमण गरी सुन लुटपाट गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक पातलीका अनुसार, कुटपिटपछि उनीहरुले डेढ तोलाभन्दा बढी सुन लुटेका छन् ।  घाइते महिलाको उद्धार गरी उपचारका लागि राप्ती सोनारी अस्पताल लगिएको छ । अस्पतालले त्यहाँ सामान्य उपचार गरेर थप उपचारका लागि नेपालगञ्ज पठाएको छ ।

घाइते सबैको नेपालगन्जस्थित संजिवनी अस्पतालमा उपचार भइरहेको छ । प्रवक्ता पातलीले उक्त घटनामा संलग्न भएको आरोपमा ८ जना पक्राउ परेका जानकारी दिनुभयो । राप्तीसोनारी र नरैनापुरको जङ्गल क्षेत्रबाट उनीहरु पक्राउ परेका हुन् ।

## एकताको...

छ ।

अर्कोतर्फ, थापा पक्ष भने पार्टी रूपान्तरणको नाममा पुरानो संरचना र कार्यशैली परिवर्तन गर्नुपर्ने अडानमा देखिएको छ । कांग्रेसका एक नेताका अनुसार अहिले पार्टीभित्र वैचारिक बहसभन्दा पनि नेतृत्व स्वीकार्यता मुख्य समस्या बनेको छ ।  'गगन थापालाई कानुनी रूपमा सभापति स्वीकार गरिए पनि भावनात्मक रूपमा संस्थापन पक्ष अझै तयार देखिँदैन,' नाम बताउन नचाहने ति नेताले भने ।

स्थानीय तहदेखि केन्द्रसम्म समानान्तर शक्ति प्रदर्शन भइरहेका बेला कांग्रेसभित्रको विवाद अब संगठनात्मक संकटमा परिणत हुनसक्ने चिन्ता उनको छ । सुर्खेतमा केही दिनको अन्तरमा भएका दुई कार्यक्रमले पनि कांग्रेसभित्र दुई ध्रुव स्पष्ट रूपमा देखिएको विश्लेषण हुन थालेको छ । आगामी निर्वाचन नजिकिँदै जाँदा पार्टी एकताभन्दा शक्ति संघर्षमै केन्द्रित देखिनु कांग्रेसका लागि चुनौतीपूर्ण बन्न सक्ने राजनीतिक विश्लेषकहरूको भनाइ छ ।

अहिलेको अवस्थामा थापा र खड्का पक्षबीच संवाद र सहमतिभन्दा आरोप-प्रत्यारोप बढ्दै जाँदा कांग्रेस फुटको डिलमै पुगेको सन्देश कार्यकर्तामाझ फैलिन थालेको छ । नेपाली कांग्रेसभित्र पछिल्लो समय देखिएको शक्ति संघर्षलाई धेरैले अब सामान्य आन्तरिक विवादभन्दा पनि नेतृत्व र स्वीकार्यताको संकटका रूपमा हेर्न थालेका छन् ।

विशेषगरी गगन थापा पक्षले पार्टी रूपान्तरण र एकढिक्का कांग्रेसको सन्देश दिइरहेका बेला पूर्णबहादुर खड्का पक्षबाट सार्वजनिक रूपमा आएको असन्तुष्टिले पार्टीभित्रको अविश्वास झनै गहिरिएको बताउछन् मध्यपश्चिम विश्वविद्यालयका पूर्वडीनसमेत रहेका राजनीतिक विश्लेषक पीताम्बर ढकाल ।

उनी भन्छन्, 'राजनीतिक रूपमा हेर्दा अहिले कांग्रेसभित्र तीन तहको समस्या देखिन्छ । पहिलो, नेतृत्व स्वीकार्यताको संकट । दोस्रो, पुरानो संस्थापन र नयाँ पुस्ताबीचको शक्ति संघर्ष । तेस्रो, संगठनभित्रको गुटगत संस्कार ।'

गगन थापाले आफूलाई परिवर्तनकारी नेतृत्वका रूपमा प्रस्तुत गरिरहेको भएपनि संस्थापन पक्षलाई विश्वासमा लिन नसकेको ढकालको टिप्पणी छ । उनले पार्टीलाई नयाँ ढंगले पुनर्गठन गर्ने, डिजिटल अभियान, जरा अभियान जस्ता कार्यक्रममार्फत संगठन पुनर्जीवित गर्ने प्रयास गरिरहेको तर, कांग्रेसजस्तो पुरानो र गुटमा विभाजित पार्टीमा केवल नाराले मात्रै एकता कायम गर्न गाह्रो हुने बताए ।

विशेषगरी संस्थापन पक्षले आफूलाई पाखा लगाइएको अनुभूति गरिरहेको अवस्थामा थापालाई सर्वस्वीकार्य सभापति बन्न चुनौती देखिएको उनको ठम्याई छ । अर्कोतर्फ, पूर्णबहादुर खड्काको पछिल्लो अभिव्यक्ति पनि व्यक्तिगत असन्तुष्टि मात्र नभई संस्थापन पक्षको मनोविज्ञानको प्रतिनिधित्वका रूपमा हेरिएको उनले बताए । 'सार्वजनिक रूपमा पार्टी विभाजनको डिलमा पुगेको भन्नु र थापालाई सानेपाको मात्रै सभापति भन्नु सामान्य टिप्पणी होइन । यसले कांग्रेसभित्रको दूरी कति बढेको छ भन्ने संकेत गर्छ,' ढकाल भन्छन् ।

उनका अनुसार समस्या गगन थापा वा पूर्णबहादुर खड्कामा मात्रै सीमित छैन । उनी भन्छन्, ' कांग्रेसभित्र लामो समयदेखि गुटगत राजनीति संस्थागत हुँदै आएको छ । शेरबहादुर देउवा, गिरिजाप्रसाद कोइरालादेखि अहिलेको पुस्तासम्म आइपुग्दा पनि पार्टीभित्र मेरो समूह र तिम्रो समूह भन्ने मानसिकता अन्त्य हुन सकेको छैन । अहिलेको पुस्ताले पनि त्यही संस्कारलाई नयाँ भाषामा निरन्तरता दिइरहेको देखिन्छ ।'

यही कारणले कांग्रेसभित्रका धेरै शुभेच्छुक र पुराना कार्यकर्तामा निराशा बढेको विश्लेषक ढकालको दावी छ । सात दशक लामो लोकतान्त्रिक संघर्षबाट आएको पार्टीलाई सहमतिमा चलाउनुपर्नेमा छुट्टाछुट्टै मञ्च बनाएर शक्ति प्रदर्शन गर्ने प्रवृत्ति बढेको उनको बुझाइ छ ।

एउटै जिल्लामा केही दिनको अन्तरमा समान प्रकृतिका फरक-फरक कार्यक्रम हुनु पनि त्यही शक्ति प्रदर्शनको संकेतका रूपमा बुझ्नु पर्ने उनी बताउछन् । उनका अनुसार अहिले कांग्रेसको सबैभन्दा ठूलो समस्या गार्जियनसिपको अभाव हो । पार्टीभित्र सबैलाई समेट्ने, असन्तुष्ट पक्षलाई विश्वासमा लिने र नेतृत्वबीच पुलको भूमिका खेल्ने व्यक्तित्व कमजोर बन्दै गएकाले कांग्रेसबाट नेताहरू अन्य दलतर्फ जानेक्रम पनि बढिरहेको उनको ठम्याइ छ ।

## खाता...

गरी प्रविधिको प्रभावकारिता मूल्याङ्कन गरिने बताइएको छ ।

तराई भूपरिधि कार्यक्रमका प्रबन्धक भरतप्रसाद भट्टका अनुसार परीक्षणको मुख्य उद्देश्य वन्यजन्तुको प्राकृतिक व्यवहारलाई उपयोग गरेर उनीहरूलाई मानव बस्तीमा प्रवेश गर्न नदिनु हो । उनले वन्यजन्तुको गतिविधि, आवागमन र व्यवहारलाई वैज्ञानिक ढंगले अध्ययन गर्दै दीर्घकालीन समाधान खोज्ने प्रयास भइरहेको जानकारी दिए ।

विशेषज्ञहरूका अनुसार बाघ तथा चितुवाले आफ्नो क्षेत्र निर्धारण गर्न पिसाबमार्फत गन्ध संकेत प्रयोग गर्छन् । एउटा बाघले आफ्नो आधार क्षेत्र निर्धारण गरेपछि अर्को बाघले त्यही गन्ध महसुस गरेर त्यो क्षेत्र अरूको इलाका भएको बुझ्ने र धेरैजसो अवस्थामा अगाडि नबढी फर्किने गर्छ । यही प्राकृतिक प्रणालीलाई आधार बनाएर कृत्रिम गन्ध प्रविधि विकसित गरिएको हो ।

तराई भू-परिधि कार्यक्रमका कार्यक्रम संयोजक प्रतीक शाहका अनुसार प्रयोग गरिएको गन्धमा कुनै हानिकारक रसायन समावेश छैन । यो पूर्ण रूपमा सुरक्षित भएकाले मानव, पशुचौपाया वा वातावरणमा कुनै नकारात्मक असर नपर्ने उनले बताए । उनका अनुसार वन्यजन्तुलाई हानि नगरी उनीहरूको गतिविधि नियन्त्रण गर्ने यो प्रविधि संरक्षणमैत्री उपायका रूपमा हेरिएको छ ।

बर्दिया जिल्ला नेपालमै बाघ तथा चितुवा आक्रमणबाट बढी प्रभावित क्षेत्रमध्ये एक मानिन्छ । प्रत्येक वर्ष वन्यजन्तुको आक्रमणबाट मानविय तथा आर्थिक क्षति हुने गरेको छ । यस्तो अवस्थामा नयाँ प्रविधिको सफल परीक्षणले स्थानीयवासीमा आशा जगाएको छ ।

यदि खाता करिडोरमा भइरहेको यो परीक्षण सफल भयो भने आगामी दिनमा गाउँ बस्ती नजिकै समेत कृत्रिम गन्ध संकेत राखेर बाघ तथा चितुवाको प्रवेश रोक्न सकिने विश्वास गरिएको छ । यसले मानव-वन्यजन्तु द्वन्द घटाउने मात्र नभई संरक्षण र मानव सुरक्षाबीच सन्तुलन कायम गर्न पनि महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

श्री बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.द्वारा संचालित
बि.जी. एकेडेमी एण्ड रिसर्च सेन्टर
वीरेन्द्रनगर-९, लाटीकोईली, सुर्खेत

शिक्षक कर्मचारी आवश्यकता सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३।०१।२९)

बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.द्वारा संचालित यस विद्यालयमा रिक्त हनु आएको तपशिलमा उल्लेखित विवरण बमोजिम पदमा शिक्षक तथा कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकाले योग्य नेपाली नागरीकहरुबाट मिति : २०८३।०१।२९ गतेदेखि जेष्ठ १२ गतेसम्म आईपुग्ने गरी आफूले प्राप्त गरेका सम्पुर्ण प्रमाणपत्र सहित दरखास्त आव्हान गरिन्छ ।

| विज्ञापन नं. | पद | आवश्यक संख्या | आवश्यक न्यूनतम योग्यता | वाञ्छनीय योग्यता | सेवा सुविधा |
|---|---|---|---|---|---|
| ०४-२०८२/०८३ | बिषय शिक्षक (कम्प्यूटर बिषय) कक्षा १ देखि ५ सम्म | १ जना | कम्प्यूटर विज्ञान, आई.टि. वा सम्बन्धित बिषय वा  क्षेत्रमा स्नातकतह अध्ययनरत | माथिल्लो योग्यता भएको, प्रथम श्रेणीमा उतीर्ण, अध्यापन अनुमती पत्र भएको, योग्य, अनुभवी, प्रविधिमैत्री शिक्षणमा दक्ष, अंग्रेजी भाषामा दख्खल भएको व्यक्तिलाई ग्राहयता दिईने छ । | संस्थाको नियमानुसार सेवा सुविधा रहेको । |
| ०५-२०८२/०८३ | खेलकुद शिक्षक | १ | शारिरिक शिक्षा, खेलकुद विज्ञान, वा सम्बन्धित बिषय वा क्षेत्रमा स्नातकतह अध्ययनरत | ५ देखि १२ बर्षका उमेर समुहका बालबालिकाहरुलाई दैनिक रुपमा खेलकुद तथा शारिरिक शिक्षा सिकाउन सक्ने, विभिन्न खाले खेलहरु खेलाउने, खेलकुद प्रतियोगिता आयोजना गर्ने र विद्यालयको कार्यक्रमहरुमा खेलकुदसंग सम्बन्धित प्रर्दशनीहरु आयोजना गर्ने, खेलकुदका सामाग्री प्रयोग तथा सुरक्षा व्यवस्था कायम गर्नसक्ने अनुभव भएको । | संस्थाको नियमानुसार |
| ०६-२०८२/०८३ | लेखापाल | १ | व्यवस्थापन संकायमा +२ वा प्रविणता प्रमाण पत्र तह उतिर्ण गरी स्नातकतह अध्ययनरत | दैनिक वित्तिय कारोबार व्यवस्थापन गर्नसक्ने, लेखापालन एवं लेखाका अभिलेख व्यवस्थापन गर्न सक्ने, मासिकरत्रैमासिकरबार्षिक वित्तिय प्रतिवेदनहरुका साथै कर्मचारी तलब र बजेट विवरणहरु तयार गर्न सक्ने, मासिक शुल्क संकलन गर्ने तथा विभिन्न सप्लायर्सहरुलाई रकम भुक्तानी गर्ने एवं कर व्यवस्थापन सम्बन्धमा ज्ञान भएको व्यक्तिलाई ग्राहयता दिईने छ । | संस्थाको नियमानुसार |

१. दरखास्त फारम भर्ने तरीका र पेश गर्नुपर्ने कागजातहरु : दरखास्त फारम विद्यालय वा बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि. को शाखा कार्यालयहरु वा संस्थाको आधिकारीक वेव साईट www.bgmcl.com/career वाट डाउनलोड गरी रीत पुर्वक भरी संस्थाको नजिक पायक पर्ने शाखा कार्यालयहरुमा निम्न बमोजिम कागजातहरु र रु. ३०० (अक्षरेपीः तिन सय मात्र) दरखास्त दस्तुर सहित मितिः २०८३।०२।१२ गतेसम्ममा कार्यालय समय भित्र बुझाउनु पर्नेछ ।
क) नेपाली नागरिकताको प्रमाणीत प्रतिलिपी    ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,
ग) फोटो सहितको व्यक्तिगत विवरण (CV)    घ) सम्बन्धित तालिमको प्रमाणपत्र-अनुभव पत्र
२. भर्ना छनौट प्रकृया  : यस पदका लागी योग्यता पुगेका उम्मेद्धारहरुबाट अन्तिम मितिसम्म रितपुर्वक आएका दरखास्त फारमहरु उपर आवश्यक कार्यवाही गरि संस्थाको केन्द्रिय कार्यालयमा अन्तरवार्ता एवं सिप परीक्षण कार्यक्रम आयोजना गरी उत्कृष्ट उम्मेद्वारहरु संस्थाको सेवाका लागि भर्ना छनौट गरीनेछ ।
३. विस्तृत जानकारीको लागी सम्पर्क नं.: ०८३-५२१९६९, web: www.bgmcl.com/career, FB : www.facebook.com/BGMCL

पदपूर्ति समिति
बौद्ध ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लि.
वीरेन्द्रनगर-०९, लाटिकोईली सुर्खेत ।

# सुरु भयो मानसरोवर-कैलाश तीर्थयात्रा



**युग संवाददाता**
**सुर्खेत, २ जेठ ।**

यस वर्षको कैलाश मानसरोवर तीर्थयात्रा सुरु भएको छ। बिहीबार जहाजमार्फत २५ भारतीय पर्यटक भित्रिएसँगै तीर्थयात्रा सुरु भएको हो। व्यवसायीहरूका अनुसार यस वर्ष झण्डै १५ हजार भारतीय पर्यटकले तीर्थयात्राका लागि 'बुकिङ' गराएका छन्। यस वर्ष गत वर्षभन्दा बढी 'बुकिङ' आएको कैलाश यात्रा सञ्चालक संघ (आक्टोन) ले जनाएको छ।

मानसरोवर जान मौसम, भूगोल, दूरी र खर्चका हिसाबले धेरै पर्यटकको आकर्षण हिल्सा नाकाबाट देखिएको आक्टोन अध्यक्ष विमल नहर्कीले बताए। उनका अनुसार भारतीय तीर्थयात्रीले यस वर्ष ३५ वटा टुर्स एण्ड ट्राभल्समार्फत कैलाश-मानसरोवर दर्शनका लागि 'बुकिङ' जारी राखेका छन्। गत वर्ष हुम्लाको बाटो भएर झण्डै ६ हजार ५ सय भारतीय तीर्थयात्री मानसरोवर दर्शनमा गएका थिए।

व्यवसायीका अनुसार हिल्सा नाका हुँदै तीर्थयात्रामा जानेहरू भारतको नखनउको बाटो भएर नेपालगन्ज हुँदै हुम्ला जान्छन्। 'नेपालबाट सबैभन्दा नजिकको भारतीय विमानस्थल लखनउ हो, त्यहाँबाट नेपालगन्जको दूरी १ सय ९० किमि छ, जुन ३ घण्टामै यात्रा गर्न सकिन्छ,' अध्यक्ष नहर्कीले भने, 'नेपालगन्जबाट जहाजमार्फत सिमकोट गएर हेलिकप्टरमार्फत चीन सीमाको हिल्सा पुगिन्छ, त्यहाँबाट १ सय ५ किमि दूरीको मानसरोवरको दूरी ४ घण्टामै पुरा गर्न सकिन्छ।'

उनका अनुसार नेपालगन्जमा पहिलो दिन बसेका पर्यटकहरू दोस्रो दिन हुम्ला सदरमुकाम सिमकोट बास बस्छन् भने त्यहाँबाट हेलिकप्टरमा चीन सीमास्थित हिल्सा पुगेर तेस्रो दिन मानसरोवर किनारको दार्चेन बेस क्याम्पमा बस्छन्। चौथो दिन झण्डै ६० किलोमिटर दूरीको कैलाश पर्वत पुगेर दर्शन गरी फर्किने गरेको उनले जानकारी दिए। 'हिँड्न सक्नेहरू कैलाश पुगेर ५२ किमि दूरीमा परिक्रमा गर्छन् भने अशक्तहरू दार्चेन बेस क्याम्पबाटै दर्शन गरी फर्किन्छन्,' पर्यटन व्यवसायी विजय सिंहले भने, 'त्यहाँबाट फर्केर अर्को दिन सिमकोट बस्न आउँछन् भने भोलिपल्ट नेपालगन्ज फर्केर बास बस्छन्, यो रुट छिटोमा ७ दिनमा पूरा हुन्छ।'

पर्यटन व्यवसायीका अनुसार नेपालका अन्य ठाउँबाट मानसरोवर तीर्थयात्रा गर्न कम्तीमा १० दिन लाग्छ। सडक मार्गबाट रसुवाको रसुवागढी हुँदै केरुङ गएर पनि मानसरोवर यात्रा गर्न सकिन्छ भने केही तीर्थयात्रीले चीनको ल्हासा भएर हवाई मार्गबाट पनि मानसरोवर यात्रा गर्ने गरेका छन्। सिन्धुपाल्चोकको तातोपानी नाका भने अहिले बन्द छ।

हुम्लाका प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले यो वर्षको पहिलो दिन जहाजमार्फत २५ जना भारतीय धार्मिक पर्यटक सिमकोट आइपुगेको बताए। उनका अनुसार तीर्थयात्राको सिजन सुरु भएसँगै सिमकोटमा मानवीय चहलपहल सुरु भएको छ भने सिमकोटबाट हिल्साका लागि हेलिकोप्टर उडानसमेत थालिएको छ। जसका लागि ५ वटा निजी हेलिकप्टर कम्पनीले हुम्लामै 'नाइटस्टे' गर्न थालेका छन्। तीर्थयात्रा सुरु भएसँगै होटल व्यवसाय, कृषक, भरिया र यातायात व्यवसायीलाई प्रत्यक्ष फाइदा पुगेको पर्यटन व्यवसायी विजय लामाले बताए।

## घुयँत्रो

हैन ! हर्क साम्पाङलाई यो सांसद पद मेयरको जस्तो जचेनकि क्या हो। संसदमा छिर्यैपिच्छे बालेनको राजिनामा माग्छन त हो। दुई तिहाईको प्रधानमन्त्रीको राजिनामा माग्छन त हो। हुन पनि मेयर भएदेखिनै ढुङ्गा माटो र पाईपको भारी बोक्या हर्कलाई सांसद बनेछि भारी बोक्न नपाउँदा दिनकै राजिनामाको तलतल् लाग्याछ। कैले प्रधानमन्त्रीको राजिनामा त अनि कैले उपसभामुखको राजिनामा माग्ने भन्दै दौड्यादौड् याछ्न तर पनि उनले माग्या मान्छेहरले राजिनामा नदेछि कैलेकाईं त विरक्त भएर आँफैले राजिनामा दिनेभन्दै हिँडछ्न तर पनि राजिनामा आउने साईत जुर्याछैन। ३ सिटे हर्कको यो थर्काई देखेर विचारा पुन बा ( महावीर पुन) लाईनि साह्रै रिस उठेछकि क्या! यो मोरो ३ सिटे हर्के ,गधालाई भारी थोरै भो कि क्या दिनकै सदनाँ उटपट्याङ मात्रै गरि राख्छ। ३ सिटे हर्केले दुई तिहाइको सरकारको राजिनामा माग्न मिल्छ ? भनेर सामाजिक सन्जालाँ ईल्लिविल्लि पारेछि ,अब हर्के, के गर्ने के नगर्ने, चित् खाछ। हुनपनि यो मान्छेले ( हर्केले) किन बालेनसित निहु खोजि रा हुन्छ कुन्नि ? कतै हर्केलाई " मेयरसिक" भात हैन पनि भन्छन मान्छेहरु! मेयर हुँदा धराने जनतालाई काममा जोतेर कैलेको पानिका पाईप,कैलेका ढुङ्गा गिटि, अनि कैलेको सडक र नालि बनाउँदा बनाउँदै अफिसको कुर्सीयाँनि बस्न नपा मान्छे ऐले आएर सदनका कुर्सीयाँ बस्याबस्यै गर्नु पर्नेलकाम धाम फिटिक्कै केही नहुने केही कामभए दुई तिहाईको सरकारले आँफै गरेर भ्याईदिने अनि गधाले भारी नपुगेछि कसरी कराएर मालिकलाई सुनाउँ त्यस्तै गरि भारीनै नपुगेछि प्रधानमन्त्रीलाई भारी पुर्याईदे भनेर दिनहु केई न केइ असन्तुष्टि पोख्या त होलानि हैन र ? हैन यो तिन्टा सिट ल्याउँदा देखिनै प्रधानमन्त्री खोज्या हर्केको करकर सुनेर बालेन कैलेसम्म बस्ने हुन कुन्नि।आँफुले प्रधानमन्त्री नपाएदेखिनै सामाजिक सन्जालाँ मात्रै हैन कि सदनाँ समेत उखरमाउलो मच्चाउँदै आका हर्क साम्पाङ कुन दिन बालेनको गाडि मुन्तिर आएर च्याप्पियर मर्न बेर छैन। आँफुले भन्या केई नभएछि यस्ता झोडि मान्छे त आत्महत्या गर्ननिबेर लाउन्नन् के ! त्यसैले प्रधानमन्त्री ज्यु हर्कले चा के हो यसो उनको मनको कुरोनि बुझ्दे राम्रै हुन्थ्यो। त्यत्रो धरानको मेयर त्यागेर राजधानीयाँ लखरलखर चप्पल पडकाउन आछ्न। यसो सरकारि गाडि चढने मेसो मिलाउन दिनकै प्रधानमन्त्रीको राजिनामा माग्दै हिँडेछि कस्सो साँदिको गाडि चढने पद नपाईएला त भनेर नि निहु खोज्या हुन सक्छ। हुन पनि आँफैले बनाकि त्यो २५ बर्षे बालिका उपसभामुख भएर सानसित सरकारी गाडि चढेर हिँड्ने ,आफू चाईं डेरा'ट लखर लखर सदन, अनि सदनाझट लखर लखर डेरा गर्दा हैरानि पनि त भए होलानि। त्यसैले साम्पाङ माननियज्यु, यी घण्टीवालाहरले तपाईंको कुरा सुन्लान जस्तो छैन।उनरु गर्छन "आग्रा कुरा तपाईं गर्नु हुन्छ गाग्रा कुरा" अनि काँट कुरो मिल्छ त्यसैले बरु यो मोरो सांसद वाङ्सद पद छोडेर धरानतिरको झिटि गुण्टा कस्नोस अब स्थानीय चुनाबनि त आउने होला कमसेकम फेरि धरानको मेयर बन्नु भो भने फेरि जनताको वरिपरि घेरिने ढुङ्गा बोक्ने माटो बोक्ने , सुकुम्बासीलाई जग्गा बाँडने , खोलाकिनारतिर पार्क बनाउने पुल हाल्ने यानेकि गाउँमा जे जेदकाम आई पर्छन अनि ती काम गर्दै जाने जनता खुसी पार्ने बस्ने। अब मेयर लडदा त उपमेयरनि आँफ्नै मान्छे लडाउने अनि आँफुभए आँफू ,नभए उपमेयरको जिम्मा अफिसियल काम छोडने अनि आफू ढुङ्गे युगतिरै लाग्ने। ढुङ्गे युगमा बानो पर्या मान्छे यो प्रविधिको युगमा रमाउन्नन के। त्यसैले त कैले के उट्पट्याङ गर्न मन लाग्छ। विकास ,निर्माण ,प्रगति र समृद्धि भन्ने कुरात चाहनै हुँदैन। त्यसैले त एकुन्टाथोक गरेर दिनकै भिडन मन लाग्छ।दभिडनु भिडनु आफ्नै शहरमा गएर भिडदा राम्रो होला।बालेन शहराँ भिडेर के काम ! वलिलाई त टेर पुच्छर नलाउने बालेनले हर्क साम्पाङलाई के टेर पुच्छर लाउलान के ! त्यसैले हर्कजी आठदश मैना साँसद खाएर चुनाब खर्च उठाएर स्थानीय चुनाउ लडन धरानतिरै लाग्नोस यो बालेन शहरले तपाईंले चाहेजस्तो जिन्दगि जिउन सक्नुहोला जस्तो लाग्दैन। तपाईंको शुभचिन्तक भा हुनाले यति कुरा भनें गाह्रो नमान्नु होला है त !

# नीति तथा कार्यक्रम तर्जुमाबारे दलहरुसँग छलफल

**युग संवाददाता**
**सुर्खेत, २ जेठ ।**

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमाका विषयमा यहाँका दलहरुसँग छलफल गरेको छ। यस अघि जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिका राष्ट्रिय महासङ्घका पदाधिकारी एवं सदस्य, स्थानीय तहका जनप्रतिनिधि, विकास साझेदार निकायका प्रमुख एवं प्रतिनिधिसँग छलफल गरिसकेको प्रदेश सरकारले शुक्रबार यहाँका राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरुसँग आगामी वर्षको नीति तथा कार्यक्रम तर्जुमाका सन्दर्भमा छलफल गरेको हो।

छलफलमा मुख्यमन्त्री यामलाल कँडेलले सरकारको नयाँ नीति तथा कार्यक्रम र बजेट निर्माणमा दलहरुको सुझाव लिने उद्देश्यले छलफल गरिएको बताए। कसैलाई खुसी पार्ने र आशय पुरा गर्ने मनसायबाट तर्जुमा हुने नीति तथा कार्यक्रम र बजेट परम्परा तथा संस्कृतिलाई पूर्णरुपले अन्त्य गरिने मुख्यमन्त्री कँडेलले बताए।

कर्णालीको विकास, समृद्धि र सुशासनमा सहयोग पुग्ने बजेट निर्माणका लागि सबै क्षेत्रको सुझाव सल्लाह लिएर अगाडि बढ्ने उनको भनाइ थियो। नेपाली कांग्रेसका प्रदेश सभापति एवं राष्ट्रियसभा सदस्य ललितजङ्ग शाहीले नीति तथा कार्यक्रमलाई सम्बोधन गर्ने बजेट ल्याउन सुझाव दिए। नेकपाका कर्णाली प्रदेश संयोजक बिमला केसीले कर्णालीको साझा सवाल पहिचान गरी सुशासन कायम हुने र परिणाम ल्याउने किसिमको वैज्ञानिक तथा व्यवहारिक बजेट ल्याउन सुझाए। नेकपा (एमाले) कर्णाली प्रदेश कमिटि अध्यक्ष गुलाबजङ्ग शाहले आवश्यकताका आधारमा विनियोजन हुने बजेट ल्याउन आग्रह गर्दै योजना छनौटलाई व्यवहारिक बनाउन सुझाव दिए। राप्रपा कर्णाली प्रदेशका कार्यवाहक अध्यक्ष सूर्य खत्रीले भूइँ नागरिकका समस्या सम्बोधन गर्ने बजेट निर्माणका लागि सरकारलाइ अनुरोध गरे।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) कर्णाली प्रदेशसभा दलका नेता मङ्गलबहादुर शाहीले वर्तमान आवश्यकता, जेन्जी मर्म र जनताका आवश्यकतालाई सम्बोधन गर्ने नीति तथा कार्यक्रम र त्यस अनुसारको बजेट निर्माण गर्नुपर्नेमा जोड दिए।

नेपाली कांग्रेस कर्णाली प्रदेशसभा दलका जीवनबहादुर शाहीले नीति तथा कार्यक्रम कार्यान्वयन योग्य बनाउन सुझाव दिए। उनले सडक, स्वास्थ्य, शिक्षा र कृषिलाई प्राथमिकतामा राखेर कार्यान्वयन पक्षलाई सहजीकरण गर्नुपर्नेमा जोड दिए। एमाले कर्णाली प्रदेशसभा दलका प्रमुख सचेतक टेकराज पछाईले भौतिकका साथै मानवीय विकास र युवा रोजगारमा सहयोग पुग्ने नीति तथा कार्यक्रम ल्याउन सुझाव दिए। नेकपा कर्णाली प्रदेशसभा दलका प्रमुख सचेतक कृष्णबहादुर जिसीले कर्णाली आफैले राजश्व बढाउने नीति तथा कार्यक्रम ल्याउनुपर्ने धारणा राखे।

नेपाली कांग्रेस कर्णाली प्रदेशसभा दलका प्रमुख सचेतक हिक्मतबहादुर विष्टले कार्यान्वयनयोग्य, सुशासन, समृद्धि र सशक्तिरणमा जोड दिने बजेट ल्याउनुपर्ने धारणा राखे। प्रदेशसभा सदस्य राजकुमार शर्मा र सन्तोषी शाहीले कर्णाली जनताको समग्र आवश्यकतालाई सम्बोधन गर्ने तथा परिणाम देखिने बजेट निर्माण गरी योजनालाई कार्यान्वयन तहमा लैजान नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने धारणा राखे।

छलफलमा डोल्पा, हुम्ला, मुगुका जनताको आधारभूत स्वास्थ्य उपचार जिल्लामै हुने गरी अस्पताललाई बलियो बनाउनुपर्ने, बेरोजागारी समस्या समाधान कसरी गर्ने ? कृषि क्षेत्रमा स्थापना भएर अलपत्र परेका कृषि उद्योगहरुलाई सञ्चालन, प्रविधि र प्राविधिक जनशक्ति बढाउन, माग नभई आवश्यक, उत्पादन र रोजगार बढाउने बजेट ल्याउने सुझाइएको छ।


**गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं।**

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,

लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इनिष्टच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)





**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।